# सङ्खुवासभा जिल्ला अदालत

चैनपुर

फोन नं. ०२९-५७०१९५, ५७०१९
फ्याक्स ०२९-५७०३७
Email: info.dcsankhuwasabha@supremecourt.gov.n
admin.dcsankhuwasabha@supremecourt.gov.n

पत्र संख्याः २०७५/०७६

चलानी नम्बरः

१ नं. प्रदेश नेपाल

मिति २०७५/०७/२८

## सूचना। सूचना।। सूचना।।।

यस अदालतमा रिक्त रहेको वैतनिक कानून ब्यवसायी पदमा यस जिल्ला अदालतको मिति २०७५/०७/२८ गतेको निर्णयानुसार जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१ बमोजिम स्वस्थ प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्नुपर्ने भएकाले निम्न सेवा सर्तमा रहन चाहने योग्यता पुगेक इच्छुक कानून ब्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफूले प्राप्त गरेको कानून ब्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा निवेदन दस्तुर वापतको रु. १०।— को रसिद साथै राखी यस अदालतमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचन प्रकाशित गरिएको छ।

१. पदः वैतनिक अधिवक्ता
२. सङ्ख्याः १ (एक)
३. मासिक तलवः रा.प.तृतीय श्रेणीको अधिकृतले पाउने न्यूनतम मासिक पारीश्रमिक (सुरु स्केल)
४. योग्यताः अधिवक्ताको प्रमाणपत्र लिई कम्तिमा २ वर्षको अनुभव प्राप्त गरेको।
५. वैतनिक कानून ब्यवसायीले कार्यालय समयमा नियमित उपस्थित भई काम गर्नुपर्ने र कार्यालयको समयमा कानून ब्यवसायबाहेक अन्य कार्यमा ब्यस्त हुन नहुने।
६. सम्पर्क मितिः २०७५/०८/१३ गते
७. परीक्षाको किसिमः अन्तरवार्ता
८. अन्तरवार्ता मितिः २०७५/०८/१३ गते
९. काम गर्नुपर्ने स्थानः सङ्खुवासभा जिल्ला अदालत, चैनपुर तथा जिल्लास्थित अर्धन्यायिक निकायहरूसमेत।
१०. गर्नुपर्ने कामः जिल्ला अदालत नियमावली, २०७५ को नियम १०२ बमोजिमका कामहरू, यस अदालतले तयार गरेको आ.व. २०७५/०७६ को वार्षिक कार्ययोजना बमोजिम जिल्ला स्थित कारागार कार्यालयमा रहेका असहाय र आर्थिक रूपमा बिपन्न, थुनुवा तथा कैदीहरूले निःशुल्क कानूनी सेवा प्राप्त गर्न चाहेमा सो स्थानमा गई कानूनी सेवा उपलब्ध गराउनु पर्ने र वैतनिक कानून व्यवसायीलाई प्रभावकारी बनाउने सम्बन्धमा गर्नुपर्ने विभिन्न कामहरूसमेत।

(राजन बास्तोला)
स्रेस्तेदार (शा.अ.)